राष्ट्रको सञ्चार

नेपाल टेलिकम

# Telecom Newsletter

नेपाल दूरसञ्चार कं.लि., भद्रकालीप्लाजा, काठमाडौं




**Volume 24, Issue 9 No. 174 Nepal Telecom (Nepal Doorsanchar Co.Ltd.) Chaitra 2081 (March/April-2025)**

## नेपाल टेलिकम प्रधानमन्त्री कप क्रिकेट प्रतियोगिता सम्पन्न

नेपाल टेलिकम प्रधानमन्त्री कप पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगिता २०८१ (२०२५) को उपाधि नेपाल पुलिस क्लबले जितेको छ । यही चैत्र १६ गते शनिवार भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा सम्पन्न भएको फाइनल खेलमा त्रिभुवन आर्मी क्लबलाई छ विकेटले पराजित गर्दै पुलिसले उपाधि जितेको हो ।

जितका लागि १५५ रनको लक्ष्य पछ्याएको पुलिसले मात्र २५.२ ओभरमा चार विकेटको क्षतिमा लक्ष्य प्राप्त गर्न सफल भयो ।




सातौं संस्करणको नेपाल टेलिकम प्रधानमन्त्री कप पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगिता पहिलो पटक काठमाडौं बाहिर रुपन्देहीमा रहेको सिद्धार्थ क्रिकेट रङ्गशाला, तिलोत्तमामा रहेको एक्स्ट्राटेक ओभल क्रिकेट रङ्गशाला र दाङको लमहीमा रहेको देउखुरी अन्तर्राष्ट्रिय रङ्गशालामा आयोजना गरिएको हो । राष्ट्रिय खेलकुद परिषद्को कार्यक्रम अनुसार सम्पन्न प्रतियोगितामा ७ वटै प्रदेशका टोलीका साथै नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीको विभागीय टोली सहित १० वटा टोलीहरूले सहभागिता जनाएका थिए । जसका खेलहरु सिंगल राउन्ड रोबिनका आधारमा खेलाइएको थियो भने लिग चरणको समाप्तिपछि शीर्ष स्थानमा रहेका दुइ टोलीहरु दीपेन्द्र सिंह ऐरीको कप्तानी रहेको नेपाल पुलिस क्लब र बिनोद भण्डारीको कप्तानी रहेको त्रिभुवन आर्मी क्लबबिच प्रतिस्पर्धा भएको थियो ।




पहिलो पटक लुम्बिनी प्रदेशमा सम्पन्न भएको प्रधानमन्त्री कपमा जम्मा ४६ खेलहरु खेलाइएको थियो । सिद्धार्थ रङ्गशालामा फाइनलसहित १७ खेल सम्पन्न भएका थिए भने एक्स्ट्राटेक रङ्गशालामा १५ तथा लमहीको देउखुरी रङ्गशालामा १४ खेल खेलाइएको थियो ।

गत फागुन २५ गते देखि सुरु भई चैत्र १६ गते समापन भएको उक्त प्रतियोगितामा नेपाल पुलिस क्लबका ललित नारायण राजवंशीले बेस्ट बलर तथा बेस्ट प्लेयर अफ द

(बाँकी पृष्ठ २ मा)

## कालिकोटदेखि मुगुसम्म अप्टिकल फाइबर विस्तार

नेपाल टेलिकमले कालिकोट जिल्लाको सदरमुकाम मान्मदेखि जुम्ला हुँदै मुगु जिल्लाको सदरमुकाम गमगढीसम्म पहिलो पटक All-Dielectric Self-Supporting (ADSS) प्रविधिमा आधारित अप्टिकल फाइबर विस्तार गरी उच्च गुणस्तरको सूचना महामार्ग सञ्चालनमा ल्याएको छ ।

देशको दुर्गम क्षेत्रमा समेत सर्वसुलभ रुपमा दूरसञ्चार सेवा विस्तार एवं स्तरोन्नति गर्ने आफ्नो अभियान एवम् लक्ष्य अन्तर्गत नेपाल टेलिकमले विस्तार गरेको यस सूचना महामार्गले कालिकोट, जुम्ला, मुगु लगायतका क्षेत्रमा मोबाइल ब्रोडब्याण्ड र फाइबर सेवाको गुणस्तर तथा क्षमता वृद्धि हुनुका साथै भविष्यमा सञ्चालनमा आउने नयाँ प्रविधिको लागि समेत महत्वपूर्ण आधार निर्माण भएको छ ।

Microwave Radio Link मार्फत हाल सञ्चालनमा रहेका राजमार्ग आसपासका कम्पनीका फाइबर इन्टरनेट (FTTH) तथा मोबाइल सेवासँग सम्बन्धित उपकरणहरुका साथै NtTV ब्रान्डको टेलिभिजन सेवा समेत मिति २०८१।१२।०८ गतेबाट अप्टिकल फाइबर मार्फत सञ्चालनमा ल्याइएको छ । यसलाई नेपालको दूरसञ्चार क्षेत्रमा कोसेढुङ्गाको रुपमा लिन सकिन्छ ।

सेवा विस्तारसँगै उक्त क्षेत्रका सेवाग्राहीहरुले हाल सञ्चालनमा रहेका सेवाहरुको गुणस्तर तथा क्षमता अभिवृद्धि भएको प्रत्यक्ष अनुभव गर्नेछन् । यसका साथै दुरसञ्चार सेवाको लागि आवश्यक पर्ने Transmission route को बैकल्पिक मार्ग समेत स्थापना भई अटुट सेवा प्रवाहको प्रत्याभूति हुनेछ ।

नेपाल टेलिकम देशको भौगोलिक चुनौतीलाई आत्मसात् गर्दै हरेक नेपालीलाई दूरसञ्चार सेवाद्वारा जोड्नका लागि सदैव प्रतिवद्ध छ ।

# अन्तर्राष्ट्रिय महिला उद्यमी व्यापार मेलामा टेलिकमको प्रायोजन

नेपाल टेलिकम प्रायोजक रहेको आठौँ अन्तर्राष्ट्रिय महिला उद्यमी व्यापार मेला यही चैतको १४ देखि १८ गतेसम्म ललितपुरमा सम्पन्न भएको छ । नेपाल टेलिकमको प्रायोजन र महिला उद्यमी महासङ्घ नेपालको आयोजनामा सम्पन्न उक्त आठौँ अन्तर्राष्ट्रिय महिला उद्यमी व्यापार मेलाको समुद्घाटन सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले गर्नुभएको थियो ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा नेपाली महिला उद्यमीका उत्पादन प्रवर्धन र बजारीकरण गर्ने मुख्य उद्देश्यसहित महिला उद्यमी महासङ्घ नेपालले पाँच दिने अन्तर्राष्ट्रिय महिला उद्यमी व्यापार मेला आयोजना गरेको हो ।

ललितपुरको हेरिटेज गार्डेनमा सम्पन्न उक्त मेलामा देशभरका महिला उद्यमीले उत्पादन गरेका कृषिजन्य वस्तु, हस्तकलाका सामग्री, खाद्य सामग्री, सेवामूलक वस्तु तथा सेवाको प्रवर्धन तथा बिक्री वितरण गरिएको थियो । आगामी दिनमा महासङ्घमा आवद्ध उद्यमी महिलाहरूको पहिचानका लागि सहज होस् र उनीहरूको उत्पादनलाई प्रवर्द्धन र प्रोत्साहन गर्न सजिलो होस् भन्ने उद्देश्यले आफ्ना देशैभर रहेका सदस्यहरूलाई लोगो प्रदान गर्नेक्रमको सुरुवात समेत उक्त मेलाबाट गरिएको थियो ।

मेलास्थलमा वातावरणमैत्री, हस्तकला, कृषि, व्यापार तथा सेवा, खाद्य र अन्तराष्ट्रिय गरी छ प्रकारका जम्मा एक सय ४४ वटा बिक्री स्टल, दुई वटा पेभिलियन र स्वदेशी तथा विदेशी महिला उद्यमीहरुका लागि ८२ वटा स्टल उपलब्ध गराइएको थियो । उक्त मेलामा नेपाल टेलिकमले समेत आफ्नो स्टल राखी निःशुल्क सिमकार्ड वितरण गरेको थियो । नेपाल टेलिकमका प्रबन्ध निर्देशक संगीता पहाडी (अर्याल) र प्रमुख व्यावसायिक अधिकृतको कार्यालयका प्रबन्धक लगायतले उक्त मेलाको अवलोकन गर्नुभएको थियो ।




# नेपाल दूरसञ्चार राष्ट्रिय कर्मचारी संगठन (NTEAN) को वार्षिकोत्सव सम्पन्न

नेपाल दूरसञ्चार राष्ट्रिय कर्मचारी संगठन (NTEAN) ले आफ्नो स्थापनाको ३५ औं वार्षिकोत्सव विभिन्न गतिविधिका साथ एक समारोहको आयोजना गरी सम्पन्न गरेको छ । नेपाल टेलिकमको केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रममा प्रमुख अतिथि सञ्चार तथा सूचना प्रविधि मन्त्री एवम् नेकपा एमालेका उपमहासचिव माननीय पृथ्वी सुब्बा गुरुङले संगठनको वार्षिकोत्सवको अवसरमा एक सन्देश पठाई कार्यक्रम सफलताको शुभकामना दिनुभएको थियो ।

सो कार्यक्रममा कम्पनीका सञ्चालक समितिका सदस्य (कर्मचारी प्रतिनिधि) लोक बहादुर कटुवालले आम कर्मचारी वृत्तिविकासको सुनिश्चितताको अवसरलाई खुला राख्दै प्रतिस्पर्धी वातावरणमा कम्पनीको स्थायित्वको लागि नियामक निकायबाट आवश्यक नीति निर्माण गर्न र कम्पनीलाई अग्रणी दूरसञ्चार सेवाप्रदायकको रुपमा राखिरहन आवश्यक रहेको बताउनु भयो ।

कार्यक्रममा नेपाल टेलिकमका तत्कालीन निमित्त प्रबन्ध निर्देशक सविना मास्केले उपभोक्तालाई गुणस्तरीय दूरसञ्चार सेवा प्रदान गर्ने कार्यमा कम्पनी निरन्तर लागिरहने प्रतिबद्धता व्यक्त गर्नु भयो । साथै वहाँले कम्पनीका योजना र भएका कार्य प्रगतिका बारेमा जानकारी गराउँदै वार्षिकोत्सवको अवसरमा शुभकामना व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा पेशागत महासंघ नेपालका अध्यक्ष पुण्यप्रसाद ढकालले संस्थाले निर्वाह गनुपर्ने भूमिका इमान्दारपूर्वक सम्पादन गर्न आग्रह गर्दै गुणस्तरीय दूरसञ्चार सेवा सुविधा समयमै प्रदान गरी आम्दानी बढाउन सकिने कुरा बताउँनु भयो ।

कार्यक्रममा सार्वजनिक संस्था कर्मचारी संगठनका अध्यक्ष इन्दु आचार्य, संगठनका पूर्व अध्यक्ष कुलबहादुर आचार्य, कम्पनीमा क्रियाशील युनियन नेपाल टेलिकम वर्कर्स युनियन (NTCWU) का अध्यक्ष सुरेश रौनियार, नेपाल राष्ट्रिय कर्मचारी संगठन, नेपाल टेलिकम (NEONNT) का अध्यक्ष तेज बहादुर शाहीले वार्षिकोत्सवको अवसरमा शुभकामना दिनु भएको थियो ।

सो कार्यक्रममा वार्षिकोत्सवका अवसरमा आयोजित विभिन्न खेलकुद प्रतियोगिताका विजेता तथा रक्तदान कार्यक्रममा सहभागीलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गरिएको थियो । त्यसैगरी २०८० सालको एसईई परीक्षामा सहभागी भई सबैभन्दा बढी अंक ल्याउने कर्मचारी सन्ततिहरुबाट तह ३ सम्मका कर्मचारीका सन्ततिमध्ये एक जना, NTEAN GOLD SCHOLARSHIP एक जना, ७ वटै प्रदेशमा प्रदेशगत रुपले उच्च अंक प्राप्त गर्ने एक/एक जना गरी ७ जना र आचार्य मनरुपा सुमन्त बहादुर स्मृति पुरस्कार छात्र/छात्रा १/१ जनालाई छात्रवृत्ति प्रदान गरिएको थियो ।

कार्यक्रमको अध्यक्षता संगठनका अध्यक्ष मोहन प्रसाद फुयालले गर्नु भएको थियो । संगठनले आफ्नो वार्षिकोत्सवका अवसरमा विभिन्न परोपकारी कार्यहरु, खेलकुद, वृक्षरोपण, रक्तदान लगायतका कार्यक्रम सातवटै प्रदेशमा सम्पन्न गरेको छ । सो कार्यक्रममा संगठनका पूर्व अध्यक्ष, सल्लाहकार, कम्पनीका उच्च व्यवस्थापक लगायत अन्य विशिष्ट व्यक्तित्वहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा उपस्थित सबैलाई संगठनका वरिष्ठ उपाध्यक्ष कृष्णप्रसाद ज्ञवालीले स्वागत गर्नुभएको थियो ।

(पृष्ठ १ को बाँकी)

## नेपाल टेलिकम प्रधानमन्त्री...

सिरिज (सर्वश्रेष्ठ खेलाडी)को उपाधि हात पार्न सफल भए । त्यसैगरी गण्डकी प्रदेशका अर्जुन कुमारले बेस्ट ब्याट्सम्यानको उपाधि प्राप्त गरे । त्रिभुवन आर्मी क्लबका तृतराज दास इमर्जिङ प्लेयर (उदीयमान खेलाडी) घोषित भएका थिए ।

फाइनल खेल तथा प्रतियोगिता समापन समारोहमा नेपाल टेलिकमका प्रमुख व्यावसायिक अधिकृत डिल्लीराम अधिकारी, प्रमुख व्यावसायिक अधिकृतको कार्यालयका प्रबन्धक एवम् कम्पनीका तत्कालीन प्रवक्ता हरि ढकालका साथै प्रादेशिक निर्देशनालय भैरहवाका उप-प्रबन्धकद्वय मनोज ज्ञवाली र कुश्माखर न्यौपाने लगायतको उपस्थिति रहेको थियो । प्रतियोगिता समापन तथा पुरस्कार वितरण कार्यक्रममा प्रमुख व्यावसायिक अधिकृत डिल्लीराम अधिकारीले प्रथम तथा द्वितीय स्थान हासिल गर्ने टोलीका खेलाडीहरुका साथै विभिन्न विधामा उत्कृष्ट हुने खेलाडीहरुलाई पदक तथा ट्रफी हस्तान्तरण गर्नुभएको थियो ।

# नेपाल टेलिकम फेयर एक्सप्रेस इन्टरनेशनल एजुकेशन अवार्ड २०८१ सम्पन्न

नेपाल टेलिकमको मुख्य प्रायोजनमा फेयर एक्सप्रेस इन्टरनेशनल एजुकेशन अवार्ड २०८१ सम्पन्न भएको छ । काठमाडौंको र्‍याडिसन होटलमा यही चैत्र ७ गते एक औपचारिक कार्यक्रमकाबिच ६ जना शैक्षिक व्यक्तित्वहरुलाई सम्मान गरिएको थियो भने विभिन्न विधाका उत्कृष्ट शैक्षिक संस्थाहरु पुरस्कृत भएका छन् ।

प्रमुख प्रायोजकको रुपमा नेपाल टेलिकम रही फेयर एक्सप्रेस मासिक पत्रिकाको आयोजनामा सम्पन्न उक्त कार्यक्रममा "नेपालमै गुणस्तरीय शिक्षा सम्भव छ" भन्ने घोषणासमेत गरिएको थियो । गणतन्त्र नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादवको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा विभिन्न क्षेत्रका दिग्गज व्यक्तित्वहरुको समेत उपस्थिति रहेको थियो ।

"नेपालमै गुणस्तरीय शिक्षा सम्भव छ" लेखिएको पम्प्लेटको प्रदर्शन गरी घोषणा गरिएपश्चात् कार्यक्रममा प्रमुख अतिथि पूर्व राष्ट्रपति रामवरण यादवले संख्यात्मक रुपमा शैक्षिक संस्थाहरुको वृद्धि भएको र अब गुणात्मकतातर्फ ध्यान दिनुपर्ने बताउनुभयो । देशभरिका सबै शैक्षिक संस्थाहरुलाई गुणस्तरीय बनाउनुपर्नेमा जोड दिँदै उहाँले अबको समयमा राज्यले विद्यालय शिक्षामा रहेको सामाजिक विषयमा भूगोल, इतिहास तथा राजनीतिका विषयहरुलाई समावेश गरी हरेक बालबालिका र युवामा शिक्षा दिनुपर्ने धारणा व्यक्त गर्नुभयो ।




कार्यक्रममा शिक्षा क्षेत्रका ६ जना व्यक्तित्वहरुलाई सम्मान गरिएको थियो । सम्मान प्राप्त गर्नुहुनेमा भाषा आयोगका पूर्व अध्यक्ष डा. लवदेव अवस्थी, शिक्षासेवी इ. डा. मिथिलेस कुमार झा, एजुकेशनल कन्सल्टेन्सी एसोसिएसन अफ नेपालका पूर्व अध्यक्ष राजेन्द्र बराल, शिक्षाकर्मी डा. देवकान्त जोशी, शिक्षा पत्रकार समाजका पूर्व अध्यक्ष प्रकाश सिलवाल तथा नेपाल चेम्बर अफ कमर्शकी उपाध्यक्ष उर्मिला श्रेष्ठलाई सम्मान प्रदान गरिएको थियो ।

समारोहमा फेयर इन्टरनेशनल एजुकेशन अवार्ड २०२५ बाट ४० वटा विधामा पुरस्कार वितरण गरिएको थियो । उक्त अवार्ड समारोहमा नेपालका माध्यमिक तथा उच्च शिक्षा अध्ययन अध्यापन गराइरहेका मध्ये उत्कृष्ट विभिन्न शैक्षिक संस्थालाई २० वटा विधा तथा विदेश अध्ययनका लागि सहकार्य गर्ने एजुकेशनल कन्सल्टेन्सीहरुलाई विभिन्न २० वटा विधा गरी जम्मा ४० विधामा सम्मान एवम् पुरस्कार प्रदान गरिएको थियो । यस अन्तर्गत बेष्ट स्कुल इन नेपाल विधामा विश्व निकेतन माध्यमिक विद्यालय, बेष्ट प्लस टु विधामा काठमाडौं मोडल कलेज, इमर्जिङ प्लस टु विधामा मनास्लु वर्ल्ड स्कुल, बेष्ट म्यानेजमेन्ट कलेज विधामा शंकरदेव क्याम्पस, बेष्ट आइटी कलेज विधामा काठमाडौं वर्नहार्ट कलेज र बेष्ट इञ्जिनियरिङ कलेज विधामा काठमाडौं इञ्जिनियरिङ कलेजका साथै अन्य विविध विधामा उत्कृष्ट ठहरिएका शैक्षिक संस्थाहरुलाई पुरस्कार प्रदान गरिएको थियो ।




# ना.प्र.नि. अनन्त प्रकाश मल्लिक सेवानिवृत्त

उमेर हदका कारण नेपाल टेलिकमबाट अनिवार्य अवकाश हुनुभएका नायब प्रबन्ध निर्देशक अनन्त प्रकाश मल्लिकलाई यही चैत्र २२ गते प्रादेशिक निर्देशनालय भैरहवामा एक कार्यक्रमको आयोजना गरी बिदाइ गरिएको छ ।

बिदाइ कार्यक्रममा प्रादेशिक निर्देशनालय भैरहवाका प्रबन्धक उज्ज्वल पोखरेलले फूलको गुच्छा र लुम्बिनी प्रदेशको विशेषता झल्कने गौतम बुद्धको प्रतिक मायाको चिनो प्रदान गरी उहाँलाई बिदाइ गर्नुभएको हो । सो अवसरमा प्रबन्धक पोखरेलले सेवा निवृत्त ना.प्र.नि. मल्लिकको सुखमय निवृत्त जीवनको कामना गर्दै उहाँको शालीन व्यक्तित्वको आफू प्रशंसक रहेको बताउनु भयो । यसैगरी बिदाई कार्यक्रममा उपस्थित हुनुभएका दूरसञ्चार कार्यालय भैरहवा, बुटवल, पाल्पा, मंगलापुर र तुलसीपुरका कार्यालय प्रमुखहरुले समेत निर्देशक मल्लिकलाई अवकाश पश्चातको सुखमय जीवनको शुभकामना व्यक्त गर्नुभएको थियो ।


अनन्त प्रकाश मल्लिक

बिदाइ कार्यक्रममा सेवानिवृत्त ना.प्र.नि. मल्लिकले कम्पनी प्रवेश गर्दादेखि अवकाशको अवधिसम्मका आफ्ना महत्वपूर्ण क्षणहरुको स्मरण गर्दै कम्पनीको आवश्यकता बमोजिम आफूले विभिन्न कार्यालय, विभाग तथा निर्देशनालयमा निर्वाह गरेको भूमिकाप्रति सन्तोष व्यक्त गर्नुभएको थियो । साथै उहाँले कम्पनीलाई सधै प्रतिस्पर्धी र सेवाग्राहीमैत्री बनाउनका साथै ग्राहकको चाहना बमोजिम सेवा विस्तार लागि आवश्यक सुझावहरु समेत प्रदान गर्नुभएको थियो ।

२०५३ फागुन ५ गते कम्पनीको स्थायी सेवामा प्रवेश गरी झण्डै ३० वर्ष कम्पनीको सेवामा बिताउनुभएका उहाँ ५८ वर्षे उमेर हदका कारण अनिवार्य अवकाश हुनुभएको हो । उहाँ कम्पनीको प्रादेशिक निर्देशनालय भैरहवा, लुम्बिनी प्रदेशको निर्देशकको रुपमा कार्यरत रहँदा २०८१ चैत्र २४ गतेदेखि सेवा निवृत्त हुनुभएको हो ।

# घरै बसेर नेपाल टेलिकमको इ-सिम !!!

इ-सिम (eSIM) एक प्रकारको इलेक्ट्रोनिक सिम हो, जसलाई सफ्टवेयरबाट प्रोग्रामिङ गरेर मोबाइलमा Install गरिएको हुन्छ । इ-सिमको प्रयोग पश्चात् भौतिक रुपमा प्रयोग गरिने सिमकार्ड बिना नै मोबाइल नेटवर्कसँग आवद्ध भई भ्वाइस तथा डाटा सेवाको प्रयोग गर्न सकिन्छ । यस्तो सिम भौतिक सिमकार्ड जस्तो भाँचिने वा बिग्रने सम्भावना पनि हुँदैन ।

इ-सिमलाई सजिलैसँग एउटा मोबाइलबाट Uninstall गरेर अर्को मोबाइलमा Install गर्न पनि सकिन्छ, जसका लागि मोबाइल सेटले इ-सिम सपोर्ट भने गर्नुपर्ने हुन्छ । अहिले सबै कम्पनीका मोबाइल सेटहरुले इ-सिम सपोर्ट गर्दैनन् । बिस्तारै धेरैजसो कम्पनीले यस्तो सिमकार्ड चल्ने मोबाइल सेटहरू उत्पादन गर्न थालेका छन् र निकट भविष्यमा नै धेरै मोबाइल सेटहरुले इ-सिम सपोर्ट गर्नेछन् ।

आफ्नो मोबाइलले इ-सिम सपोर्ट गर्छ कि गर्दैन भनेर थाहा पाउन तथा घरैमा बसी-बसी आफैंले आफ्नो मोबाइलमा नेपाल टेलिकमको इ-सिम इन्स्टल गर्नका लागि के गर्ने त? निकै लोकप्रिय रहेको नेपाल टेलिकमको इ-सिम अनलाइन आवेदन भरी आफ्नो मोबाइलमा सहजै प्राप्त गर्नका लागि केही निर्देशनहरु बुझ्न जरुरी हुन्छ ।

नेपाल टेलिकमको Web Site (esim.ntc.net.np) वा NTApp मार्फत इ-सिमको लागि Online आवेदन गर्नु अघि अनिवार्य रुपमा बुझ्नु पर्ने कुराहरुः

**मोबाइल सेटले eSIM सपोर्ट गर्छ कि गर्दैन ?**

आफ्नो मोबाइलबाट *#06# डायल गरेर हेर्ने । यदि Device Information मा EID (Embedded Identity Document) 89 बाट शुरु भएको ३२ अंकको कोड देखाउँछ भने उक्त मोबाइल सेटले इ-सिम सपोर्ट गर्छ भन्ने बुझ्नु पर्छ ।




**मोबाइल नम्बरको स्थिति**

तपाईंको मोबाइल नम्बर सक्रिय अवस्थामा हुनुपर्छ ताकि OTP प्रमाणीकरण गर्न र System मा लग-इन गर्न सकियोस् ।

**पर्याप्त ब्यालेन्स**

इ-सिमको शुल्क रु. ५० पर्ने हुनाले शुल्क तिर्नका लागि तपाईंको मुख्य ब्यालेन्स रु. ५० भन्दा बढी हुनुपर्छ ।

**प्रोफाइल अपडेट**

अनलाइन आवेदन गर्न योग्य हुन नेपाल टेलिकमको रेकर्डमा तपाईंको प्रोफाइल अपडेट गरिएको हुनुपर्छ । आवेदनको समयमा नागरिकता नम्बर र जारी जिल्ला प्रविष्ट गर्नुपर्ने हुन्छ, यदि तपाईंले आफ्नो नागरिकता नम्बर र जारी जिल्ला प्रमाणीकरण गर्न असमर्थ भई Verification Failed भन्ने सन्देश आयो भने, नजिकको नेपाल टेलिकमको काउन्टरमा गएर आफ्नो प्रोफाइल अपडेट गर्नुहोला । जसले गर्दा भविष्यमा समेत अन्य सेवा प्रयोगमा सहज हुन्छ ।

**नागरिकता सहितको फोटो**

फारम बुझाउँदा नागरिकता समातेर स्पष्ट फोटो लिनुहोला ।

इ-सिमको सफल Scanning पछि VoLTE Active गर्नुहोला । जसका लागि मोबाइलबाट *444*2# डायल गर्नुहोस् । त्यसपछि, मोबाइल सेटिङमा गई VoLTE अन गर्नुहोस् । सो पश्चात् आफ्नो मोबाइल सेटलाई Restart गर्नुहोस् । इ-सिमको अनुरोध Active हुन केही समय लाग्न सक्छ । धैर्य गर्नुहोला ।

**प्राविधिक समस्याहरूः**

उपरोक्त निर्देशनहरु अवलम्बन गर्ने क्रममा यदि तपाईंले कुनै प्राविधिक समस्याहरू सामना गरिराख्नु भएको जस्तो लाग्यो भने, नजिकको नेपाल टेलिकमको कार्यालयमा सम्पर्क गर्नुहोला ।

# नेपाल टेलिकमको एसईई अफर २०८१

नेपाल टेलिकमले २०८१ सालको एसईई परीक्षामा सहभागी परीक्षार्थीहरुका लागि एसईई अफर २०८१ उपलब्ध गराएको छ । यस अन्तर्गत कम्पनीले एसईई परीक्षा दिएका परीक्षार्थीहरुलाई रु. २० मा सिमकार्ड उपलब्ध गराउने छ र त्यसमा बोनस अन रिचार्ज (Bonus On Recharge) पनि उपलब्ध हुनेछ । एसईई अफर तथा बोनस अन रिचार्ज २०८१ चैत १५ देखि २०८२ असार ३० गतेसम्म उपलब्ध हुनेछ । उक्त सिमकार्ड नेपाल टेलिकमका देशभरका कार्यालयहरु उपलब्ध छ । सिमकार्ड Activate गरिसकेपछि ३० दिनसम्मका लागि विभिन्न अफरहरु उपलब्ध हुनेछन् । पहिलेदेखि नै नेपाल टेलिकमको सिमकार्ड प्रयोग गर्ने परीक्षार्थीका लागि समेत सोही सिमकार्डमा अफरहरु उपभोग गर्न सकिने व्यवस्था गरिएको छ । नयाँ सिम प्राप्त गरेका परीक्षार्थीहरुले सिमकार्डमा मेन ब्यालेन्सको रुपमा उपलब्ध हुने रु. ९।८० बाट जुनसुकै नेटवर्कमा कल गर्न, एसएमएस पठाउन वा डाटा चलाउन सक्नेछन् । यसका अतिरिक्त ३० दिन सम्मका लागि प्रतिदिन नेपाल टेलिकमको नेटवर्कभित्र कुराकानी गर्न २० मिनेट अन-नेट भ्वाइस सेवा, १० वटा अन-नेट एसएमएस र ५०० एमबी डाटा समेत अफर अन्तर्गत उपलब्ध हुनेछ भने प्रत्येक दिन प्राप्त हुने resource सोही दिनका लागि मात्र कायम रहनेछ ।




नयाँ सिम प्राप्त गर्नका लागि परीक्षार्थीले एसईईको प्रवेशपत्र (Admit Card) वा कक्षा १० को मार्कसिटको फोटोकपी, एकप्रति फोटो र आफ्नो वा अभिभावकको नागरिकता, राष्ट्रिय परिचयपत्र लगायतका सरकारी परिचयपत्रको फोटोकपी संलग्न गरी फाराम भर्नुपर्नेछ । साथै सिमकार्ड Activate गर्नका लागि स्वयंले *1414# डायल गर्नुपर्नेछ । सो पश्चात् अफर प्राप्त गर्नका लागि *1600# डायल गरी निर्देशन Follow गर्नुपर्नेछ :

- *1600# डायल गर्दा प्राप्त निर्देशन अनुसार SEE Symbol Number (Without Alphabet) टाइप गरी Send गर्ने ।
- Date Of Birth (DOB) टाइप गरी Send गर्ने, (DOB) टाइप गर्दा YYYYMMDD format (eg: 20610101) मा टाइप गर्नुपर्नेछ ।

यस अफर अन्तर्गत उपलब्ध हुने बोनस अन रिचार्जमा रु. ५० वा सोभन्दा बढी रकम रिचार्ज गर्दा प्रत्येक रिचार्जमा जुनसुकै समयमा ५०० एमबी डाटा चलाउन, नेपाल टेलिकमकै नेटवर्क भित्र ५० मिनेट कल गर्न र ५० वटा अन-नेट एसएमएस पठाउन सकिने बोनस सुविधा समेत उपलब्ध हुनेछ । रिचार्जमा प्राप्त हुने बोनस प्राप्त भएको तीन दिनभित्र प्रयोग गरिसक्नु पर्दछ ।

**सुझाव तथा प्रतिक्रिया पठाउने ठेगानाः नेपाल टेलिकम, प्र.व्या.अ.का., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा**

E-mail: ntc.news@ntc.net.np **फोनः ४२१०३७८, मासिक रुपमा प्रकाशित हुने यो** Newsletter **कम्पनीको** website: www.ntc.net.np **मा पनि उपलब्ध छ ।**

**Published by : Nepal Telecom, Office of CCO, Information & Publication Section**
Co-ordinator : Hari Dhakal Joint Co-ordinator : Navin Kumar Mishra

Editor : Santosh Khanal
Editorial Team : Meghanath Dhakal